औरही गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देउरी परवाहा , धनुषा

मधेश प्रदेश, नेपाल

# प्रतिवेदन

## औरही गाउँपालिका भू-उपयोग योजना तर्जुमा

## तथा भू-उपयोग वर्गीकरण

परामर्शदाता :

शाह इन्जिनियरिङ्ग कन्सल्टयान्ट प्रा.लि.

नरेफाँट-३२, काठमाण्डौं

मिति : २०८० फाल्गुण

# Contents


*परिच्छेद १: परिचय* ........ २

१.१ भूमि, भू-उपयोग र भू-उपयोग योजना ........ १

१.२ भू-उपयोग योजना तर्जुमाका विधिहरु ........ २

१.३ भू-उपयोग योजनाको आवश्यकता ........ ४

१.४ भू-उपयोग योजनामा सरोकारवालाहरु ........ ४

१.५ चुनौती तथा अवसर ........ ५

१.६ कानुनी/नीतिगत प्रावधानहरु ........ ५

१.७ स्थानीय भू-उपयोग योजनाका काम, कर्तव्य र अधिकार ........ ९

१.८ उद्देश्य ........ १०

*परिच्छेद २: विधि* ........ 11

२.१ विज्ञ समूह गठन ........ १२

२.२ स्थानीय सरोकारवालासँगको छलफल ........ १२

२.३ वर्तमान भू-उपयोगको नक्शांकन ........ १६

२.४ अनुगमन तथा मूल्याङ्कन ........ १८

*परिच्छेद ३: गाउँपालिकाको संक्षिप्त विवरण* ........ १९

*परिच्छेद ४: वर्तमान भू-उपयोगको अवस्था* ........ 23

४.१ वर्तमान भू-उपयोग ........ २३

४.२ गाउँपालिकाको भू-उपयोगको वर्तमान अवस्था ........ २३

४.२.१ वडा नं. १ को भू-उपयोगको वर्तमान अवस्था ........ २७

४.२.२ वडा नं. २ को भू-उपयोगको वर्तमान अवस्था ........ २९

४.२.३ वडा नं. ३ को भू-उपयोगको वर्तमान अवस्था ........ ३१

४.२.४ वडा नं. ४ को भू-उपयोगको वर्तमान अवस्था ........ ३३

४.२.५ वडा नं. ५ को भू-उपयोगको वर्तमान अवस्था ........ ३५

४.२.६ वडा नं. ६ को भू-उपयोगको वर्तमान अवस्था ........ ३७

४.३ औरही गाउँपालिको आगामी १० वर्षको भूउपयोगको प्रक्षेपण ........ ३९

४.३.१ वडा नं. १ को भूउपयोगको प्रक्षेपण ........ ४३

४.३.२ वडा नं. २ को भूउपयोगको प्रक्षेपण ........ ४४

४.३.३ वडा नं. ३ को भूउपयोगको प्रक्षेपण ........ ४७

४.३.४ वडा नं. ४ को भूउपयोगको प्रक्षेपण ........ ४९

४.३.५ वडा नं. ५ को भूउपयोगको प्रक्षेपण ........ ५१

४.३.६ वडा नं. ६ को भूउपयोगको प्रक्षेपण ........ ५३

४.४ जोखिम युक्त क्षेत्रको अध्ययन ........ ५५

*परिच्छेद ५ निश्कर्ष* ........ 57

*अनुसूची १ गाउँपालिकाले निर्धारण गरेका आगामी भू-उपयोगका आधार* ........ ६०

*अनुसूची २ बर्तमान र प्रक्षेपित भूउपयोग नक्सा* ........ ७६

## नक्शा

नक्शा १ : गाउँपालिकाको भू उपग्रह फोटो नक्शा........................................................................ १७
नक्शा २ : गाउँपालिकाको प्रशासनिक विभाजन नक्शा ................................................................. २२
नक्शा ३ : गाउँपालिकाको भू-उपयोगको वर्तमान अवस्था ................................................................ २६
नक्शा ४ : वडा नं. १ को भू-उपयोगको वर्तमान अवस्था ................................................................ २८
नक्शा ५ : वडा नं. २ को भू-उपयोगको वर्तमान अवस्था ................................................................ ३०
नक्शा ६ : वडा नं. ३ को भूउपयोगको वर्तमान अवस्था ................................................................... ३२
नक्शा ७ : वडा नं. ४ को भू-उपयोगको वर्तमान अवस्था ............................................................... ३४
नक्शा ८ : वडा नं. ५ को भू-उपयोगको वर्तमान अवस्था ............................................................... ३६
नक्शा ९ : वडा नं. ६ को भू-उपयोगको वर्तमान अवस्था .............................................................. ३८
नक्शा १० : औरही गाउँपालिको आगामी १० वर्षको भू-उपयोगको प्रक्षेपण ........................................ ४२
नक्शा ११ : औरही गाउँपालिका वडा नं. १ को आगामी १० वर्षको भूउपयोग प्रक्षेपण .......................... ४४
नक्शा १२ : औरही गाउँपालिका वडा नं. २ को आगामी १० वर्षको भूउपयोग प्रक्षेपण .......................... ४६
नक्शा १३ : औरही गाउँपालिका वडा नं. ३ को आगामी १० वर्षको भूउपयोग प्रक्षेपण .......................... ४८
नक्शा १४ : औरही गाउँपालिका वडा नं. ४ को आगामी १० वर्षको भूउपयोग प्रक्षेपण ......................... ५०
नक्शा १५ : औरही गाउँपालिका वडा नं. ५ को आगामी १० वर्षको भूउपयोग प्रक्षेपण .......................... ५२
नक्शा १६ : औरही गाउँपालिका वडा नं. ६ को आगामी १० वर्षको भूउपयोग प्रक्षेपण .......................... ५४
नक्शा १६ : औरही गाउँपालिकाको जोखिम नक्शा ........................................................................... ५६

## तालिका

तालिका १ : गाउँपालिकाको भू-उपयोगको वर्तमान अवस्था ........ २४
तालिका २ : वडाको तुलानात्मक भू-उपयोगको वर्तमान अवस्था ........ २५
तालिका ३ : वडा नं. १ को भू-उपयोगको वर्तमान अवस्था........ २७
तालिका ४ : वडा नं. २ को भू-उपयोगको वर्तमान अवस्था ........२९
तालिका ५ : वडा नं. ३ को भू-उपयोगको वर्तमान अवस्था........ ३१
तालिका ६ : वडा नं. ४ को भू-उपयोगको वर्तमान अवस्था........ ३३
तालिका ७ : वडा नं. ५ को भू-उपयोगको वर्तमान अवस्था........ ३५
तालिका ८ : वडा नं. ६ को भू-उपयोगको वर्तमान अवस्था........ ३७
तालिका ९ : औरही गाउँपालिकाको आगामी १० वर्षको भूउपयोगको प्रक्षेपण ........ ३९
तालिका १० : वडाको तुलानात्मके आगामी १० वर्षको भूउपयोग प्रक्षेपण ........ ४१
तालिका ११ : वडा नं. १ को आगामी १० वर्षको भूउपयोगको प्रक्षेपण ........ ४१
तालिका १२ : वडा नं. २ को आगामी १० वर्षको भूउपयोगको प्रक्षेपण ........ ४५
तालिका १३ : वडा नं. ३ को आगामी १० वर्षको भूउपयोगको प्रक्षेपण ........ ४७
तालिका १४ : वडा नं. ४ को आगामी १० वर्षको भूउपयोगको प्रक्षेपण ........ ४९
तालिका १५ : वडा नं. ५ को आगामी १० वर्षको भूउपयोगको प्रक्षेपण ........ ५१
तालिका १६ : वडा नं. ६ को आगामी १० वर्षको भूउपयोगको प्रक्षेपण ........ ५३
तालिका १७ : औरही गाउँपालिकाको बर्तमान र प्रक्षेपित भूउपयोगको फरक ........ ५७

# परिच्छेद १: परिचय

## १.१ भूमि, भू-उपयोग र भू-उपयोग योजना

सामान्यतया पृथ्वीको धरातलमा रहेको प्राकृतिक अवस्थिति जस्तै पानी, माटो, खनिज, वनजंगल आदिलाई भूमि भनिन्छ । भूमि सुधार तथा व्यवस्था मन्त्रालयद्वारा प्रकाशित शब्दकोष अनुसार भूमि शब्दकोशले भूमि शब्दलाई "जग्गा, माटो, पृथ्वी, स्थल भाग, धर्ती, ठाउँ, स्थान आदि भएको सबै किसिमको जग्गा" भनेर जनाएको छ (श्रोतः भूमि सुधार तथा व्यवस्था मन्त्रालयद्वारा प्रकाशित शब्दकोष) । यसै भूमिलाई मानव जातिले विभिन्न उपयोगमा ल्याउने गर्दछन् । भूमि मानव जीवन यापनका हरेक चरणहरुमा अनोन्याश्रीत रुपमा सम्बन्ध भएको प्राकृतिक स्वरुप हो जसलाई मानवले विभिन्न तरिकाले उपभोग गर्दछन ।

विश्व वातावरण परिवर्तनको एक प्रमुख कारक तत्व मध्ये भूमि तथा भू-उपयोगमा आएको परिवर्तन पनि एक हो । पारिस्थितिकीय प्रणालीमा देखिने परिवर्तन, जलवायु परिवर्तन तथा जैविक विविधतामा आउने ह्रास आदि जस्ता घटनाहरुलाई प्रभाव पार्ने विविध तत्वहरु मध्ये पनि भू-उपयोगमा आउने परिवर्तन प्रमुख रहने गरेको छ। विश्वको जनसंख्या वृद्धिसँगै शहरी क्षेत्रको विस्तार र कृषियोग्य जमिनको क्षेत्रमा हुने संकुचन तथा जंगल, सिमसार, पानीले ओगटेको क्षेत्रहरुमा मानवीय प्रभाव वृद्धि हुने हुँदा जैविक तथा प्राकृतिक वातावरण तथा वातावरणीय सन्तुलन कायम गर्न एवं दिगो स्रोत व्यवस्थापन पनि चुनौतिको रुपमा देखा परिरहेको अवस्था छ । विशेष गरी अविकसित तथा अल्पविकसित मुलुकहरुमा तीव्र जनसंख्या वृद्धि, जथाभावी बस्ती विकास र अव्यवस्थित शहरीकरण व्याप्त छ ।

भू-उपयोग भन्नाले मानिसले जीवनयापन, उत्पादन, विकास तथा व्यवस्थापन गर्ने सन्दर्भमा पृथ्वीको सतहमा गरिने क्रियाकलाप र त्यसबाट सिर्जित परिणाम तथा असरलाई बुझिन्छ । भू-उपयोगले सिमीत मात्रामा रहेको यस पृथ्वीको सतहलाई वर्तमान आवश्यकताहरु पूरा गर्दै भावी समय सम्मका लागि सन्तुलित र सुरक्षित राख्दै प्रयोग गर्ने योजनावद्ध पद्धतिलाई बुझाउँछ । भू-उपयोग योजना अन्तर्गत भूमि तथा भूमि श्रोतको उपयोग, योजनाबद्ध प्रयोगको खाका, आवश्यक निर्णय तथा क्षमता विकास सम्मका कुरालाई समेटेको हुन्छ । दीर्घकालीन र वैज्ञानिक किसिमको भू-उपयोग योजनाले प्राकृतिक श्रोत र साधनको सन्तुलित प्रयोग तथा समुदायको सर्वाङ्गीण विकासको लक्ष्य लिएको हुन्छ । पछिल्ला दशकमा बढदो जनसंख्या सँगै भूमिमा अत्याधिक दबाब परिरहेको छ । यससँगै भू-उपयोग

योजनाको आवश्यकता पनि थप महशुश गरिएकोछ । सिमित श्रोतबाट असीमित लाभ लिनका लागि भू-उपयोगका निश्चित सिद्धान्तहरु रहेका छन् । जसमध्ये जर्मन विकास नियोग (GIZ) ले निर्धारण गरेका भू-उपयोग योजनाका सिद्धान्तलाई प्रस्तुत गर्न सान्दर्भिक ठानिएको छ :

- भू-उपयोग योजना व्यावहारिक कार्यान्वयन योग्य र सहभागीतामूलक हुनुपर्छ ।
- भू-उपयोग योजना समावेशीकरण, सहभागितामूलक तथा प्रतिनिधित्व गर्न सक्ने हुनुपर्छ ।
- भू-उपयोग योजना दीगो तथा सन्तुलित सर्वाङ्गीण विकासको लक्ष्यमा आधारित हुन्छ ।
- भू-उपयोग योजना सरोकारवाला निकायहरुको सहभागितामा तयार पारिने दस्तावेज हो ।
- सरोकारवालाको क्षमता अभिवृद्धि, पारदर्शी र दूरगामी प्रभाव राख्ने हुनुपर्छ ।
- भू-उपयोग योजना भौगोलिक विशेषतामा आधारित, कार्यन्वयनयोग्य तथा आर्थिक श्रोत र बजेट व्यवस्थापनसँग समन्वयात्मक किसिमको हुनुपर्छ ।

## १.२ भू-उपयोग योजना तर्जुमाका विधिहरु

FAO 1976 ले भू-उपयोगको Framework तथा विभिन्न निर्देशिका तयार पारेको छ जसलाई विभिन्न विकसित एवं विकासोन्मुख मुलुकले सन्दर्भ सामग्रीका रुपमा लिएको एवं अवलम्बन गरेको पाइन्छ । यस Framework अनुसार FAO Framework for land management ले भू-उपयोगको सन्दर्भमा भौतिक, आर्थिक, सामाजिक तथा संस्थागत पक्ष तथा योजना निर्माणका चरणहरुमा सरोकारवालाहरुको सक्रिय सहभागिता हुनु पर्ने पक्षलाई समेटेको छ । यस Framework ले भूमिलाई सीमितता (Limitation) का आधारमा अति उपयुक्त (Highly suitable), मध्यम उपयुक्त (Moderately suitable), न्यूनतम उपयुक्त (Marginally उपयुक्त) र अनुपयुक्त जमिनलाई हालका लागि अनुपयुक्त, दिर्घकालका लागि अनुपयुक्त एवं संरक्षण क्षेत्र भनी विभाजन गरेको छ । भू-उपयोग योजना तर्जुमाका विविध विधिहरु हुन्छन् जसमध्ये Top-down, bottom-up र सहभागितामूलक विधिलाई यहाँ उल्लेख गरिएको छ ।

### **Bo**ttom-up approach

Bottom-up approach बाट तर्जुमा गरिएका योजनाहरु कम सैद्धान्तिक तथा बढी व्यवहारिक किसिमका हुन्छन् । यस अनुरुप योजना तर्जुमा गर्दा स्थानीय तथा सरोकारवालासँग गहन छलफल गरी स्थानीय भावना तथा आवश्यकतालाई सम्बोधन हुने किसिमले योजना बनाइन्छ । यस्ता विधिमा आधारित योजनाहरु कार्यान्वयन गर्न सहज तथा मितव्ययी एवं व्यवहारिक भए पनि वैज्ञानिक

अवधारणा, विज्ञका तर्कहरु तथा सैद्धान्तिक कुरासँग मेल नखाने हुनाले फितलो तथा असफल हुने हुन्छन् भनी आलोचना गर्ने पनि गरिन्छ ।

## Top-down approach

To-down approach बाट भू-उपयोग योजना तर्जुमा गर्दा विभिन्न विधाका विज्ञहरु, सैद्धान्तिक पक्ष र अवधारणालाई प्राथमिकतामा राखिएको हुन्छ । यस्ता योजनाहरु सैद्धान्तिक हिसाबले मजबुत देखिएता पनि स्थानीयस्तरका भावना तथा आवश्यकतालाई सम्बोधन नगर्ने किसिमका हुन्छन् भनी आलोचना गरिन्छ। साथै सरोकारवाला तथा स्थानीय आवश्यकता तथा आर्थिक पक्षबाट पनि मितव्ययी नहुने हुनाले यिनीहरु दस्तावेजमा मात्र केन्द्रित हुन्छन् ।

## Participatory approach

यस विधिमा विज्ञहरुले सैद्धान्तिक एवं वैज्ञानिक तथ्य, सूचना तथा विधिहरुलाई आत्मसाथ गर्दै योजनाको खाका तयार गर्ने गर्दछन् जसलाई स्थानीय सरोकारवाला समक्ष छलफलका लागि प्रस्तुत गरी राय, सुझाव, सल्लाह संकलन गरिन्छ । यसपछि स्थानीय स्तरमा रहेका निकायहरु मार्फत ऐन, नियम, निर्देशिका आदि आवश्यक दस्तावेज तयार गरी कानुनी प्रक्रिया पूरा गरी पारित गर्दै लागु गरिन्छ। यस विधिबाट निर्माण भएका योजनाहरुमा स्थानीय सरोकारवालाका जनभावना, आवश्यकता समेटिएका हुनाले स्थानीय स्तरमा स्वामित्व अनुभव हुने र कार्यान्वयन गर्न सहज हुने एवं योजनाहरु दीर्घकालीन रुपमा प्रभावकारी हुने हुन्छ। जर्मन सहयोग नियोग (GIZ) सहभागितामूलक भू-उपयोग योजनाका केही मूलभूत विशेषता उल्लेख  गरेकोछ जसलाई निम्न अनुसार पेश गरिन्छ ।

- भू-उपयोग योजना निर्माण गर्न प्राविधिक तथा विज्ञको सैद्धान्तिक ज्ञान महत्वपूर्ण छन् यसका साथै स्थानीय भू-उपयोगको प्रचलन, सम्भाव्यता, उपयुक्तता, भौगोलिक, भौगर्भिक अवस्था, मौसम, माटो, चुनौती तथा अवसरको ज्ञान हुनु उत्तिकै जरुरी हुन्छ ।
- सहभागिता मूलक भू-उपयोग योजनाहरु सामाजिक रुपले न्यायपूर्ण, आर्थिक हिसाबले सम्भाव्य, प्राविधिक रुपमा उपयुक्त र वातावरणीय र सांस्कृतिक रुपमा दीर्घकालीन हुनुपर्छ ।
- सहभागितामूलक भू-उपयोग योजनाको कार्यान्वयन पनि एक महत्वपूर्ण पाटो भएकाले स्थानीय जनशक्ति, साधन र श्रोत तथा प्रविधिलाई विशेष ध्यान दिइनु पर्छ ।
- त्यसैगरी माटोको उर्वरता, माटोको गुण अनुरुप बालीको उपयुक्तता, बाली नाली छनोट, नक्शांकन, आदि कुरामा विज्ञका सुझाव तथा सैद्धान्तिक ज्ञान उपयुक्त हुन्छ । यी सम्पूर्ण कुराहरु स्थानीय सूचना, जानकारी, आवश्यकता तथा सफल/असफल प्रयोग तथा प्रयास एवं परम्परागत ज्ञान र सीपलाई समेत समावेश गर्न सक्नु पर्छ ।

- आपसी सहयोग, संवाद र छलफलमा आधारित, पारदर्शी, समावेशी, बहु आयामिक, सरल, सामान्य र कार्यान्वयन गर्न सकिने किसिमको हुनुपर्छ ।
- सहभागितात्मक भू-उपयोग योजना प्रक्रियामुखी, अपरिवर्तनीय र कठोर प्रकृतिको नभई परिवर्तनशील, समयानुकुल, लचक र परिमार्जन गर्न सकिने किसिमको हुनुपर्छ । कार्यान्वयनका क्रममा सुधार र संशोधन गर्नुपर्ने भएमा सजिलै गर्न सकिने किसिमको हुनुपर्छ ।

### १.३ भू-उपयोग योजनाको आवश्यकता

दक्षिण एशियामा अवस्थित नेपालमा पनि केही दशक यता तीव्र रुपमा शहरीकरण शहरी जनसंख्या वृद्धि भईरहेको छ । विशेष गरी प्रमुख शहरी केन्द्र, व्यापारिक क्षेत्रहरु तथा मुख्य सडक आसपास एवं तराई भेगमा शहरीकरण एवं जनसंख्या वृद्धि तीव्र छ (Rimal et al 2019)। विशेष गरी तराई, पूर्व पश्चिम राजमार्गको आसपासका भेगहरुमा व्यापक रुपमा बस्ती विस्तार भएका छन् ।

नेपालको तराई भेग तथा मुख्य शहरी क्षेत्रमा शहरी किरणको विभिन्न आर्थिक-सामाजिक, राजनैतिक, नीतिगत तथा भौतिक कारणहरु रहेका छन् । शहरी केन्द्रहरुमा व्यवसायिक तथा रोजगारी, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार लगायतका समस्त क्षेत्रहरुमा सेवा सुविधा तथा अवसरहरु बोकेको हुनाले ग्रामीण भेग एवं पहाडी भेगका मानिसहरु शहरी केन्द्र तथा सो आसपासका क्षेत्रहरुमा बसाइँ सरेर जाने क्रम बढ्दो छ । साथै जनसंख्याको प्राकृतिक वृद्धि साथै बसाइँसराइको कारण ती भेगको जनसंख्या बढिरहेको छ भने तीव्रतर रुपमा बढिरहेको जनसंख्याहरु कृषियोग्य जमिनमा नयाँ बस्तीहरुमा व्यवस्थापन भईरहेका छन् । जसका कारणले ठूला ठूला खेतीयोग्य जमिनमा बस्ती विस्तार भईरहेका छन् । खेती योग्य जमिनको खण्डीकरणले उत्पादन र उत्पादकत्वमा ह्रास आएको छ भने खाद्यान्न संकटको जोखिम पनि बढ्दो छ ।

औरही गाउँपालिका मधेश प्रदेश को धनुषा जिल्लामा अवस्थित छ । घरधुरी सर्वेक्षण २०७६ अनुसार औरही यस गाउँपालिकाको क्षेत्रफल २५.५६ हेक्टर रहेको छ ।

### १.४ भू-उपयोग योजनामा सरोकारवालाहरु

औरही गाउॅपालिकााको भू-उपयोग योजना तर्जुमा गर्दा मुख्य सरोकारवालाहरुका रुपमा स्थानीय जग्गाधनी, विभिन्न जातजाति, वर्ग, लिङ्ग, एवं समुदायका व्यक्तिहरु, नागरिक

समुदाय,सरकारी/गैरसकारी संघ संस्थाहरुका प्रतिनिधिहरु हुन् । त्यसैगरी गाउँपालिका स्तरीय नापी कार्यालय, मालपोत, कृषि विकास कार्यालय, सडक , शिक्षा, खानेपानी, स्वास्थ्य आदि सँग सम्बन्धित कार्यालयहरु पनि सरोकारवालाको रुपमा लिन सकिन्छ । गाउँपालिकाको भू-उपयोग योजना तर्जुमा गर्दा, स्थानीय जनप्रतिनिधि, टोल विकास समिति सदस्य, बुद्धिजीवी, अध्यक्ष, उपाध्यक्ष, सरकारी कर्मचारी आदि बीच छलफल गरिएको छ। सोही सरोकारवालाहरुसँगको छलफल र अद्याधिक गरिएका डाटाबेस नै भू-उपयोग योजना तर्जुमाको मुख्य आधार हो ।

## १.५ चुनौती तथा अवसर

औरही गाउँपालिकाको भू-उपयोग योजनाको मुख्य चुनौती भनेको बढ्दो जनसंख्याको प्रवाहलाई व्यवस्थित गर्नु, कृषि योग्य जमिनको खण्डीकरणलाई नियन्त्रण गर्नु र विस्तारित बस्ती एवं शहरहरुलाई व्यवस्थित गर्नु नै हो । सहभागितामूलक भू-उपयोग योजना तर्जुमा र कार्यान्वयनका लागि फरक फरक विचारधारा तथा मत राख्ने स्थानीय सरोकारवाला तथा प्रतिनिधिहरु बीचबाट सबैको अपेक्षालाई सम्बोधन हुने किसिमको योजना तर्जुमा एवं कार्यान्वयन आफैमा थप चुनौती हो । यस चुनौतीलाई सामना गर्न गाउँपालिकाले स्थानीय भू-उपयोग योजना बनाई भाविष्यमा विस्तार हुनसक्ने शहरी क्षेत्र, व्यवसायिक क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, खोलानालाले ओगटेको र औद्योगिक क्षेत्र एवं सार्वजनिक उपयोगका क्षेत्र छुट्याई भू-उपयोग योजना बनाइएको छ । स्थानीय स्तारमा निर्माण गरिएको यस भू-उपयोग योजनालाई गाउँपालिकाले आगामी दिनमा एक अवसरको रुपमा लिई विविध दीर्घकालीन एवं प्रभावकारी योजनाहरु निर्माण तथा कार्यान्वयन गर्न सकिन्छ। योजनाको लक्ष हासिल गर्नकालागि जमिनको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, भू-क्षमता तथा प्रकारको आधारमा खेतीवाली पहिचान, छनोट गरी बढीभन्दा बढी लाभ लिन सक्ने क्षमता विकास गर्नु आवश्यक छ।

## १.६ कानुनी/नीतिगत प्रावधानहरु

तीव्र जनसंख्या वृद्धि, बसाईसराईका कारणले हुने अव्यवस्थित बसोबास, शहरी विस्तार कृषि योग्य जमिनको निरन्तर घट्दो अवस्था, वनजंगल, नदी नाला, ताल तलैया सांस्कृतिक पुरातात्विक एवं सार्वजनिक जग्गा जमिनमाथिको दबाब आदि कुराहरु सन्तुलित एवं दीगो सर्वाङ्गीण सामाजिक एवं वातावरणीय विकासकालागि प्रत्युत्पादक हुने भएकाले पछिल्ला दशकमा भू-उपयोग योजनालाई प्राथमिकता एवं महत्वपूर्ण विषयमा राखिएको छ। सीमित मात्रामा रहेको भूमिकाको समुचित उपयोग, व्यावस्थापन र त्यसबाट हुने लाभको न्यायोचित वितरण गर्दै सन्तुलित तथा विकसित वातावरण र सन्तुलित दिगो विकासलाई वैज्ञानिक भू-उपयोग योजनाले मद्दत गर्ने गर्दछ । स्थानीय स्तरका

योजनाहरु स्थानीय जनताको लाभ र हानीसँग प्रत्यक्ष सरोकार राख्ने भएकाले सहभागिता मूलक भू-उपयोग योजना आजको आवश्यकता हो । यसर्थ सरकारी तवरबाट पनि भू-उपयोग योजनालाई विभिन्न प्रावधानका साथ प्राथमिकीकरण गरेको छ ।

- राष्ट्रिय भू-उपयोग नीति २०६९ जारी गरी सो नीति कार्यान्वयनका लागि भू-उपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका २०६९ जारी भएको छ ।
- भू-उपयोग नीति २०७२ र भूमि तथा भूउपयोग कार्यान्वयनका सम्बन्धमा भूउपयोग नीति २०७२ नै मूल नीति हुनुपर्ने उल्लेख गरेको छ साथै कार्यान्वयनका लागि भूउपयोग सम्बन्धी ऐन, कार्याविधि, मापदण्ड, नियमावली, निर्देशिका तर्जमा गरी लागू गरिने कानूनी व्यवस्था छ । त्यसै गरी, कार्यान्वयनको संस्थागत व्यवस्थाको सन्दर्भमा भूउपयोग व्यवस्थापन विभाग र मातहतमा डिभिजन कार्यालय स्थापना गरिनेछ भने संधीय, प्रादेधिक र स्थानीय  तहमा कार्यान्वयन तथा समन्वय समिति गठत गरिनेछ।
- भू-उपयोग योजनाको कार्यान्वयनका लागि भूमि व्यवस्थापन सहकारी तथा गरिबी निवारण मन्त्रालय संचालित छ । जसमा राष्ट्रिय भू-उपयोग आयोजना क्रियाशील छ । यस योजनाले जिल्ला तथा स्थानीय स्तरमा योजना तर्जुमा र कार्यान्वयनका लागि भू-उपयोग नक्सांकन, माटो, भूक्षमताको नक्सांकन, भू-उपयोग क्षेत्र वर्गीकरण र समग्र श्रोतको डाटाबेस तयार गर्ने कार्य गरिरहेको छ । जसका आधारमा स्थानीय निकायले अद्यावधिक स्थानीय भू-उपयोग योजना निर्माण गर्न सक्छन् । त्यसैगरी नेपाल सरकारले भूमि व्यवस्थापनका सन्दर्भमा पनि महत्वपूर्ण संवैधानिक व्यवस्था गरेको छ ।
- भू-उपयोग योजनाको स्थानीय निकायबाट हुने कार्यान्वयनका लागि स्थानीय स्वाायत्त शासन ऐन २०५५ का नियमहरुमा आवश्यक समयानुकुल  समायोजन भएको छ ।
- भू-उपयोग ऐन २०७६ ले जमीनलाई १० वटा क्षेत्र- कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र, वन क्षेत्र, नदीनाला तथा ताल तलैया क्षेत्र, सार्वजनिक उपयोगको क्षेत्र, सांस्कृतिक तथा पुरातात्विक क्षेत्र र अन्य क्षेत्र गरी विभाजन गरेको छ ।
- सोही ऐनको दफा १८ ले स्थानीय भू-उपयोग परिषद्को गठन गर्न सक्ने व्यवस्था गरेकोछ ।
- सोही ऐनको दफा ६ ले स्थानीय सरकारले आवश्यकता बमोजिम भू-उपयोग योजना निर्माण गर्न सक्ने व्यवस्था गरेको छ ।

**नेपालको संविधान २०७२**

नेपालको संविधान, २०७२ ले स्थानीय निकायले नीति कानुन योजना तथा बजेट तर्जुमा गर्न, कार्य विभाजन एवं सम्पादन सम्बन्धी नियम बनाई लागू गर्न, स्थानीय सेवाको गठन र संचालन गर्न, संविधान र कानुनको परिधिमा रही कर लगाउन सक्ने लगायतका व्यवस्था गरेको छ साथै संघ, प्रदेश र स्थानीय तहलाई संघीय एकाइको रुपमा परिभाषित गरी निश्चित अधिकारहरु तय गरेको छ ।

**स्थानीय सरकार संचालन ऐन २०७४**

स्थानीय सरकार संचालन ऐन २०७४ अन्तर्गत स्थानीय गाउँपालिका/न.पा.ले तथ्याङ्क संकलन तथा अभिलेख संकलन, व्यवस्थापन अद्यावधिक गर्ने सम्बन्धी व्यवस्था यस ऐनको दफा ११ को उपदफा २(च), २(ड) र २(ध) मा व्यवस्थित गरेको छ । यही व्यवस्था अनुसार नगरपालिका वा गाउँपालिकाको जनसंख्या, प्राकृतिक, सांस्कृतिक, भौतिक, रोजगारी, प्रतिव्यक्ति आय, कृषि आदि यावत विषयसम्बन्धी तथ्याङ्क भू-उपयोग योजना निर्माण गर्ने आधारहरु हुन् । उपरोक्त सम्बन्धित सङ्कलित तथ्याङ्कलाई व्यवस्थापन र प्रशोधन गरी पार्श्वचित्र, नक्सांकन तथा अभिलेखनका क्रियाकलापहरुलाई गाउँपालिका/गाउँपालिकाको कर्तव्य तथा अधिकार क्षेत्रभित्र राखिएको छ ।

**स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४** अनुसार गाउँ वा गाउँपालिकाले वार्षिक योजना ताथ बजेट तर्जुमा पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक एवं पूर्वाधारको विवरण अद्यावधिक गरी सार्वजनिक गर्नुपर्ने उल्लेख छ ।

**भू-उपयोग नीति २०७२**

भू-उपयोगको सन्दर्भमा भू-उपयोग नीति नै प्रमुख नीति रहने व्यवस्था जस भित्र रहेर भू-उपयोग सम्बन्धी ऐन कार्यविधि, मापदण्ड, नियमावली निर्देशिका तर्जुमा गरी लागू गर्न सक्ने व्यवस्था छ । कार्यान्वयनको संस्थागत व्यवस्थाका लागि भू-उपयोग व्यवस्थापन विभाग र मातहतमा डिभिजन कार्यालय स्थापना गरिने र संघ, प्रदेश र स्थानीय तहमा कार्यान्वयन समन्वय समिति रहने व्यवस्था छ । त्यसैगरी राष्ट्रिय भूनीति २०७५ स्थानीय स्तरमा भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन गर्दा अवलम्बन गर्ने विधिहरुको व्यवस्था गरेको छ ।

**भू-उपयोग ऐन २०७६**

यस ऐनले भने भूमिको वर्गीकरण, शुद्धीकरण, उचित उपयोग र व्यवस्थापनको व्यवस्था गरेको छ । भू-उपयोग सम्बन्धी व्यवस्थापन गर्न बनेको ऐन (भू-उपयोग ऐन २०७६) अनुसार प्रत्येक स्थानीय

तहमा एक भू-उपयोग परिषद् रहने छ। गाउँ वा नगर कार्यपालिकाले स्थानीय भू-उपयोग परिषदको रुपमा काम गर्ने तथा भू-उपयोग परिषद्को बैठक आवश्यकता अनुसार बस्ने, कार्य सम्पादनलाई विज्ञको सेवा लिन सक्ने तथा बैठक सम्बन्धी कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

**भू-उपयोग नियमावली २०७९**

भू-उपयोग ऐन २०७६ कार्यान्वयनका लागि भू-उपयोग नियमावली २०७९ जारी भएको छ। यस नियमावली अनुसार जग्गाको वर्गीकरण भू-क्षमता, वनोट, जमिनको उपयुक्तता र आवश्यकताका आधारमा गरिनु पर्ने उल्लेख छ। भू-उपयोग नक्सांकन वर्गीकरणको आधार, क्षेत्रफल र मापदण्डको तय स्थानीय निकायले गर्नेछ।

**प्रमुख विशेषता**


- जग्गाको खण्डीकरणलाई निरुत्साहित तथा एकीकरणलाई प्रोत्साहन गरेको। जग्गालाई तोकिएको मापदण्डभन्दा सानो टुक्रामा विभाजन गर्न पाइने छैन। कृषि योग्य जमिन ५०० वर्ग मि. भन्दा सानो गरी टुक्र्याउन नपाउने, आवसीय जग्गा १३० व.मि. भन्दा कम गरी टुक्र्याउन नमिल्ने।
- बस्ती विकास, जग्गा एकीकरण, सामुहिक तथा सहकारी खेती सम्बन्धी आधार तथा मापदण्ड बनाई कार्यान्वयन गर्न सक्ने अधिकार प्रदेश सरकारलाई दिएको छ भने स्थानीय तहलाई भने कृषिको यान्त्रिकीकरण, व्यवसायिकरण, सामुहिक खेती, आदिका लागि जग्गाधनीको सहमतिमा जग्गा एकीकरण गर्न पाउने अधिकार दिएको छ।
- जग्गाधनी लालपुर्जा अद्यावधिक गर्ने। सो वखतमा जग्गाको वर्गीकरण गरिने।
    - कृषि
    - आवास
    - व्यावसायिक
    - औद्योगिक
    - खानी तथा खनिज
    - वनजङ्गल
    - सार्वजनिक उपयोग

- ○ सांस्कृतिक तथा पुरातात्विक महत्व
- ○ अन्य

- भू-उपयोग नियमावली कार्यान्वयनका लागि कार्ययोजना तयार गरी लागू गरिनेछ ।

## १.७ स्थानीय भू-उपयोग योजनाका काम, कर्तव्य र अधिकार

यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त स्थानीय भूउपयोग परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।




(क) स्थानीय भूउपयोग योजना स्वीकृत गर्ने,

(ख) भूमिसम्बन्धी लगत संकलन, विश्लेषण र उपयोग गर्ने,

(ग) आफ्नो तहको भू-उपयोग क्षेत्र नक्सा अद्यावधिक गराउने,

(घ) आवश्यकता अनुसार आफ्नो तहको भूउपयोग उपक्षेत्र वर्गीकरण गर्ने,

(ङ) भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी सूचना तोकिए बमोजिम सरोकारवालाको पहुँचमा पुऱ्याउन स्थानीय भू-उपयोग कार्यान्वयन समितिलाई निर्देशन दिने,

(च) स्थानीय तहको भूउपयोग योजना कार्यान्वयनका प्रक्रिया र मापदण्ड तयार गरी लागू गर्ने,

(छ) भू-उपयोग योजना कार्यान्वयनको अनुगमन गर्ने,

(ज) भू-उपयोग परिवर्तनको लागि स्पष्ट आधार र कारण सहित सिफारिस गर्ने,

(झ) तोकिएको उपयोगभन्दा फरक उपयोग गरेकोमा कारबाही गर्ने,

(ञ) भू-उपयोगमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, परिवार वा संस्थालाई पुरस्कृत गर्ने,

(ट) धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक, सार्वजनिक, सामुदायिक स्थलहरुको संरक्षण गर्ने ।

(ठ) आफ्नो तहको भू-उपयोग सम्बन्धी आवश्यक नीतिहरु तुर्जमा गरी पारित गर्ने ।

<u>कार्यान्वयन समितिः</u> स्थानीय भूउपयोग परिषद्को कार्यमा सहयोग गर्न प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको एक भूउपयोग कार्यान्वयन समिति रहनेछः

(क) सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको अध्यक्ष वा प्रमुख - अध्यक्ष

(ख) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

(ग) स्थानीय तहका कृषि, वन, भूमि, सहरी विकास र भौतिक पूर्वाधारसँग सम्बन्धित शाखाका प्रमुखहरु - सदस्य

(घ) सरोकारवालामध्येबाट स्थानीय भूउपयोग परिषद्ले तोकेको दुई जना महिला सहित चार जना - सदस्य

(ङ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्यसचिव

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम तोकिएका सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

## १.८ उद्देश्य

यस कार्यक्रमको मुख्य उद्देश्य भूउपयोग योजना तर्जुमा गर्नु हो । यसको विशिष्ट उद्देश्य स्थानीय भूमिलाई आवश्यकता र उपयुक्तताको आधारमा शहरी क्षेत्र, कृषि, बसोबास, व्यावसायिक, औद्योगिक, वन जंगल र सार्वजनिक उपयोगका क्षेत्रहरुमा वर्गीकरण गरी  गाउँपालिकाले निर्धारण गरेका भू-उपयोग वर्गका आधारमा कृषि योग्य जग्गाको संरक्षण गरी उत्पादन वृद्धि, सुरक्षित र व्यवस्थित बसोबास, व्यावसायिक र औद्योगिक क्षेत्र, वातावरणीय सन्तुलन, जैविक विविधताको संरक्षणको लागि आवश्यक वन जंगल क्षेत्रको संरक्षण र व्यवस्थापन र उच्चतम सार्वजनिक हितको लागि सार्वजनिक उपयोगको क्षेत्र सुनिश्चित गर्ने रहेको छ ।


# परिच्छेद २: विधि

यस भू-उपयोग योजना तर्जुमा गर्दा सहभागितमूलक विधि अपनाएर तर्जुमा गरिएको छ। योजना तर्जुमाको विधिलाई समष्टिगत रुपमा **प्रारम्भिक चरण, सुझाव सङ्कलन र अन्तिम मस्यौदा** चरणमा प्रस्तुत गर्न सकिन्छ :

**प्रारम्भिक चरण :** यस चरणमा विज्ञहरुको टोलीले भू-उपयोग योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको छ । तथ्याङ्क सङ्कलन अन्तर्गत कार्यक्षेत्रसँग सम्बन्धित वडास्तरीय तथा गाउँपालिकाको सूचना, नक्सा तथा अन्य सम्बन्धित सूचना सङ्कलन गरिएका छन् । सङ्कलित नक्सा तथा तथ्याङ्कका आधारमा गाउँपालिकाको आधार नक्सा तयार पारियो । आधार नक्सामा मुख्यतया बस्ती, बस्तीहरू जोड्ने सडक सञ्जाल, खोलानाला, नदीहरू साथै अन्य भौतिक तथा सामाजिक पूर्वाधारहरू देखाइएको छ । सम्बन्धित ऐन, कानुन तथा नियमावलीहरू सङ्कलन गरी तिनीहरूको अध्ययन गरिएको छ । जस अन्तर्गत विभिन्न शीर्षकहरूमा तथ्याङ्क सङ्कलन गरिएको छ।

**सुझाव सङ्कलन :** यस चरणमा विज्ञ टोलीले तयार पारेको प्रारम्भिक मस्यौदामाथि स्थानीय सरोकारवालाहरु बीच छलफल तथा अन्तरक्रिया पश्चात् सल्लाह, सुझाव तथा प्रतिक्रिया सङ्कलन गरिएको छ ।

**अन्तिम मस्यौदा** : स्थानीय सरोकारवालाहरुबाट प्राप्त सुझावलाई समावेश गरी भू-उपयोग योजनालाई अन्तिम रुप प्रदान गरिएको छ ।




**चित्र १. भू-उपयोग योजना तर्जुमा विधि**

**चित्र २: हालको भू-उपयोग वर्गीकरणका लागि भू-उपग्रह चित्र**

## २.१ विज्ञ समूह गठन

स्थानीय स्तरको आवश्यकता र सम्बोधनलाई सुनिश्चित हुने गरी स्थानीय स्तरमा भू-उपयोग, नाप नक्सा, भू-सूचना प्रविधि, कृषि, वन, शहरी विकास तथा सामाजिक एवं आर्थिक क्षेत्रलाई समेट्ने क्षमतावान् विज्ञहरुको गठन गरिएको छ ।

## २.२ स्थानीय सरोकारवालासँगको छलफल

गाउँपालिकाको भू-उपयोग योजना तर्जुमा गर्दा गाउँपालिकाले बनाएको guideline, भू-उपयोग ऐन २०७६, भू उपयोग योजनाविद्, स्थानीय जनप्रतिनिधि, टोल विकास समिति सदस्य, बुद्धिजीवी, मेयर, उपमेयर, सरकारी कर्मचारी आदि बीच छलफल गरिएको छ । यसका साथसाथै स्थानीय सूचना तथा डाटाहरु संकलनको कार्यलाई प्राथमिकतामा राखिएको छ ।

गाउँपालिकाकोभू-उपयोग योजना तर्जुमा गर्दा स्थानीय स्तरमा रहेका सडक, खोलानाला, धार्मीक, सामानिक, सांस्कृतिक, औद्योगिक, पुरातात्विक, शैक्षिक, सामुदायिक, व्यवसायिक, कृषि क्षेत्र, आवासीय क्षेत्र एवं सार्वजनिक महत्व लगायतका क्षेत्र तथा तिनका मापदण्डमाथि छलफल गरिएको छ ।

**सरोकारवालाहरुसँग छलफलका झलकहरु**




*फोटो : १ गाउँपालिका स्तरीय छलफल*




*फोटो : २ वडा न १ मा सरोकारवाला सँगको छलफल*

*फोटो : ३ वडा न २ मा सरोकारवाला सँगको छलफल*

*फोटो : ४ वडा न ३ मा सरोकारवाला सँगको छलफल*




*फोटो : ५ वडा न ४ मा सरोकारवाला सँगको छलफल*




*फोटो : ६ वडा न ५ र ६ मा सरोकारवाला सँगको छलफल*

प्राथमिक डाटाका रुपमा भूमिको सम्भावित उपयोग, सम्भाव्यता तथा सीमाहरुलाई समेट्ने किसिमका डाटा संकलन गर्नका लागि स्थलगत भ्रमण, स्थानीय जनतासँगका छलफल, अन्तरक्रियाहरु जस्ता विधि अपनाइयो । आर्थिक, जनसांख्यिक लगायतका डाटाहरु स्थानीय निकायहरुबाट संकलन गरिएको छ ।


## २.३ वर्तमान भू-उपयोगको नक्शांकन

भू-उपयोगको हालको अवस्थाको वर्गीकरणका लागि भू-उपग्रह चित्र सहायता लिइएको थियो भने क्षेत्रगत डाटाको संकलनका लागि भने GPS प्रणालीमा आधारित क्षेत्रगत सर्वेक्षण र स्थानीय सरोकारवाला र विज्ञको ज्ञान तथा अनुभवको प्रयोग गरिएको थियो । प्रत्येक वडामा अवस्थित विद्यालयहरू, स्वास्थ्य संस्था, वडा कार्यालय, मठमन्दिर, ऐतिहासिक तथा पुरातात्विक स्थलहरू, खानेपानीका टचाङ्की, कोट, पार्क तथा सडक आदिको स्थलगत सर्वेक्षण गरी आधार नक्सा तयार गरियो । यी सम्पूर्ण विधिबाट संकलित भौगोलिक तथा भू-उपयोग सम्बन्धित जानकारीहरुको प्रशोधन पछि यसलाई गाउँपालिकाले निर्धारण गरेका भू-उपयोग वर्गका आधारमा ९ वटा वर्गमा विभाजन गरिएका छन् ।

- कृषि क्षेत्र
- व्यवसायिक शहरी क्षेत्र
- सांस्कृतिक तथा पुरातात्विक क्षेत्र
- जंगल क्षेत्र
- औद्योगिक क्षेत्र
- अन्य क्षेत्र
- सार्वजनिक क्षेत्र
- नदी ताल तलैया क्षेत्र र
- आवास क्षेत्र

भू-उपयोग ऐन २०७६ ले निर्धारण गरेका मापदण्डहरु तथा विज्ञ टोली तथा स्थानीय सरोकारवालाको संयुक्त प्रयासबाट बनाइएको हालको भू-उपयोगको आधारमा आगामी १०-१५ वर्षमा हुने गाउँपालिकाको भू-उपयोगको अवस्थालाई प्रक्षेपण गरियो । हालको भू-उपयोग तथा आगामी १०- वर्षको भू-उपयोगको आधारमा स्थानीय सरोकारवालाको राय सुझाव तथा विज्ञको रायलाई समायोजन गरी भू-उपयोग योजनाको मस्यौदा तयार गरियो ।

यसरी तयार गरिएको मस्यौदालाई एक पटक पुनः सरोकारवालाहरुको माझमा लगी छलफल गरी आम सरोकारहरुको राय सुझाव, जानकारी एवं छलफलका लागि पेश गरियो । यस पश्चात् सम्पूर्ण सरोकारवालाहरुबाट प्राप्त राय, सल्लाह, सुझाव तथा टिप्पणीहरुलाई सम्बोधन गरी भू-उपयोग योजनालाई अद्यावधिक गरियो । यसरी गाउँपालिकास्तरमा निर्माण गरिएको सहभागितात्मक भू-उपयोग योजनालाई




*नक्शा १ : गाउँपालिकाको भू उपग्रह फोटो नक्शा*

एक औपचारिक समारोहका बीच हस्तान्तरण गरियो । जसलाई उपस्थिति सबै सरोकारवालाहरुले पूर्ण पालना एवं कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएसँगै पूर्ण रुपमा योजना तर्जुमा सम्पन्न गरियो ।

## २.४ अनुगमन तथा मूल्याङ्कन

भू-उपयोग योजनाको उद्देश्य, लक्षित उपलब्धि, हासिल उपलब्धि तथा हासिल गर्न बाँकी उपलब्धि समेतलाई समय समयमा स्वमूल्याङ्कनले गरिनेछ । भू-उपयोग योजना तर्जुमा तथा कार्यान्वयन स्वमूल्याङ्कन र अनुगमनका आधारमा गरिने छ । कार्यक्रमका प्रभाव, आवश्यक संशोधन, सुधार र समायोजनका सन्दर्भमा भने सरोकारवालाबीच छलफल, बहस, अन्तरक्रियालाई माध्यम बनाइने व्यवस्था छ । यसरी तर्जुमा गरिएको भूउपयोगका आगामी परिवर्तनहरुलाई गाउँपालिकास्तरका प्राविधिकहरुका सहयोगमा अद्यावधिक गर्न सकिने छ । आगामी दिनमा यस गौरादह गाउँपालिकाले आवश्यकता अनुसार परिवर्तन एवं परिमार्जन गर्न सक्ने छ ।

# परिच्छेद ३: गाउँपालिकाको संक्षिप्त विवरण

## ३.१ गाउँपालिकाको परिचय

नेपाल अधिराज्यको संघिय व्यवस्था भएअनुगसार औरही गाउँपालिका मधेश प्रदेशको धनुषा जिल्लामा अवस्थित छ। यो गाउँपालिका साविक पौडेश्वर, औरही, देउरीपरवाहा र चक्कर गा.वि.स मिलि बनेको गाउँपालिका हो । यस गाउँपालिमा ६ वटा वडाहरु रहेका छन् । यस गाउँपालिकाको क्षेत्रफल जम्मा २५५६ हेक्टर रहेको छ। यो गाउँपालिकाको केन्द्र साविक देउरी परवाहा वडा नं. ८ हालको औरही गाउँ पालिका वडा नं. २ मा पर्दछ भने यस गाउँपालिको उतरमा हंस्पुरकठपुल्ला न.पा., दक्षिणमा धनौजी गा.पा., र पूर्वमा विदेह न.पा. छ भने पश्चिममा जनकपुर उपमहानगरपालिकाको सिमाना पर्दछ। यस गाँउपालिकाको सम्पूर्ण भू-भाग समतल नै भएको देखिन्छ। यस गाउँपालिकाको कुल जनसंख्या २४०५३ रहेको छ। यस गाउँपालिकाको प्रमुख बजारहरु औरही बजार, परवाह र पौडेश्वर बजार हुन्। यस गाउँपालिकामा जम्मा ४७९३ घरधुरी रहेको छ। यस मध्ये महिलाको संख्या १२३६४ रहेको छ भने पुरुषको संख्या ११६९० रहेको छ। औरही विभिन्न जातजातिहरुको मिश्रित बसोबास रहेको छ, जसमध्ये मुख्य रुपमा मधेसी ब्राहमण, क्षेत्री, मुस्लिम, दलित तथा जनजाति पर्दछन् र धार्मिक रुपमा हिन्दु धर्म मान्ने संख्या अधिक छ भने धार्मिक अल्प संख्यकका मुस्लिम धर्मवलम्वीहरुको पनि बसोबास छ। यहाँको मुख्य पेशा कृषि हो भने व्यापार व्यवसाय, नोकरी बैदेशिक रोजगार सहायक पेशाहरु हुन्।

औरही गाउँपालिमा उत्पादनशील र दिगो कृषि अन्तर्गत रहेको कृषि भूमि (हजार हेक्टरमा) ४४८ रहेको छ। यस गाउँपालिकामा आयामिक गरिबीमा रहेको जनसंख्या २४% छ। यहाँ पेशा, उमेर र अपाङ्गता अनुसार ४३, पाँच बर्षमुनी बालबालिकामा पुड्कोपना -विश्व स्वास्थ्य सङ्गठनको बालबालिका वृद्धि मापन १३.४% प्रकार ४३, पाँच वर्षमुनीका बालबालिका मा रहेको कुपोषण उचाई अनुसार तौल कम हुने र बढि तौल हुने) ८% पाँच बर्षमुनीका कम तौल हुने बालबालिका १८% र प्रजनन् उमेर समुहका महिलाहरुमा रक्त अल्पता स्थिति २०% रहेको देखिन्छ।

औरही गाउँपालिका जम्मा ४७ वटा सरकारी शैक्षिक संस्थाहरु छन्। यी मध्ये सामुदायिक विद्यालय १२ वटा, धार्मिक विद्यालय (मदरसा) ५ वटा र ११ वटा निजि विदालय रहेका छन्। यसैगरी यस गाउँपालिकामा १९ बल विकास केन्द्र रहेका छन्। यस गाउँपालिकामा जम्मा ६३.८% साक्षर जनसंख्या रहेको छ। यस मध्ये महिला साक्षरताको संख्या ५४.०% र पुरुषको ७४.६% छ।

यस गाउँपालिकामा ४ वटा स्वास्थ्य संस्थाहरु रहेका छन् । घरबाट ३० मिनेट देखि ५० मिनेट पैदल हिडेर निजी तथा सरकारी स्वास्थ्य संस्थामा औषधी उपचार गर्न जाने गरेको देखिन्छ ।


औरही  गाउँपालिकाको मुख्य बस्तीहरुमा औरही बिक्रमपुर, देउरी, प्रवाह, कपटटौल , हौरसाहा, चककर, भराक , पौडेशवोर, पुरंदेहिया आदि हुन् ।

यो गाउँपालिकाको सामाजिक संरचनामा विविधिता रहेको छ । थारु यहाँको मुख्य जातिमा पर्दछ भने अन्य जातजातिहरुमा ब्राह्मण, क्षेत्री, मगर, केवट, यादव, गुप्ता, मल्लाह, बनिया, दमाइ, कामी, कुर्मी, कोहार, भर, चाई, चमार, हरिजन आदि छन् । यो गाउँपालिकामा हिन्दू, मुस्लिम, बौद्ध धर्मबलम्बीहरु बसोबास गर्दछन् । यो क्षेत्रमा मातृभाषाका रुपमा पहाडिमूलका जातिहरुले नेपाली र तराईमूलका जातिहरुले भोजपुरी, थारु तथा अवधी भाषाको प्रयोग गर्दछन् ।

यो गाउँपालिकाका मानिसहरु विभिन्न पेशामा संलग्न छन् । यहाँका आदिवासीहरु अधिकाशं कृषि पेशामा संलग्न छन् । धेरैजसो साना कृषकहरु छन् जो परम्परागत रुपमा खेतिपाती गर्दछन् भने केहि कृषकहरुले आधुनिक कृषि प्रणालीको शरुवात गरेका छन् । यो क्षेत्रमा धान, गहु, मकै जस्ता खाद्यान्न बाली, रहर, मसुरो, मास, तोरी, आलस जस्ता दलहन तथा तेलहन बाली लगाएका छन् । केहि कृषकहरुले नगदेबालीका रुपमा तरकारी खेती, केरा खेति गरेका छन् भने अधिकांश कृषकले घरयासी प्रयोजनका लागि आलु, काउली, प्याज, लौका, फर्सी, बोडी, सिमी, बन्दा, घिरौला, लहसुन जस्ता तरकारी र कागती, आप, मेवा, कटहर, लिची, अम्बा, एबोगार्ड जस्ता फलफुलहरु लगाएका छन् । परम्परागत खेतिका साथ साथै डिमाण्ड चार्ज बढी हुनाले यहाँका अधिकांश कृषकहरु लाभान्वित हुन सकेका छैनन् । केही कृषकहरुले कुखुरापालन, पशुपालन व्यवसाय संचालन गरेका छन् । जीवन निर्वाहमुखी खेतिका कारण कतिपय कृषकहरु कृषिका साथसाथै ज्याला मजदुरी गरी जीवन यापन गरिरहेका छन

स्वास्थ्य र सरसरफाइको क्षेत्रमा यो गाउँपालिकाले प्रसस्त कार्यकमहरु संचालन गरेको छ । यहाँ ५ वटा सरकारी स्तरबाट स्वास्थ्य चौकी र २ वटा स्वास्थ्य इकाई केन्द्र र १ वटा आँखा उपचार केन्द्रले सेवा प्रदान गरिरहेका छन् । गाउँपालिकाले सबै वडाहरुमा सरसफाइलाई प्राथमिकतामा राखेर सबै घरमा शौचालय निर्माण गरी वि.सं. २०७५ मा यो गाउँपालिका खुला दिशा मुक्त क्षेत्र घोषित भैसकेको छ ।

स्वदेशी वस्तुहरुको उपभोगमा प्राथमिकता दिने र स्थानीय उत्पादनलाई प्रवर्धन गर्ने खालका साना तथा मझौला उद्योग धन्दा तथा व्यापार व्यवसायहरु संचालन गर्न स्थानीय तहबाट पहल शुरु गरिएको छ । यहाँ स्थानीय तहमा सहकारी संस्थाहरु, महिला तथा कृषक समूहहरुको गठन गरी आर्थिक, सामाजिक र उत्पादनमूलक कार्यहरुमा सहभागिता वृद्धि गर्ने प्रयास भएका छन् । विभिन्न वडाहरुमा कृषि सहकारी संस्था, महिला समूह, बचत तथा ऋण सहकारी संस्था, बहुउद्देशीय सहकारी संस्था, साना किसान, दुग्ध सहकारी संस्था, युवा समूह आदि गठन गरी आर्थिक तथा सामजिक सुधारका गतिविधीहरु संचालन गर्दै आएका छन् ।




*नक्शा २ : गाउँपालिकाको प्रशासनिक विभाजन नक्शा*

# परिच्छेद ४: वर्तमान भू-उपयोगको अवस्था

## ४.१ वर्तमान भू-उपयोग

गाउँपालिकाको भू-उपयोगलाई जम्मा १० वटा वर्गमा वर्गीकरण गरेर व्याख्या गर्न सकिन्छ :

- कृषियोग्य क्षेत्र
- धार्मीक तथा सांस्कृतिक क्षेत्र
- वन तथा वनस्पती क्षेत्र
- औद्योगिक क्षेत्र
- खानी र खनिजहरु
- सार्वजानिक क्षेत्र
- आवास क्षेत्र
- नदी तथा ताल तलैया क्षेत्र
- अन्य क्षेत्र

## ४.२ गाउँपालिकाको भू-उपयोगको वर्तमान अवस्था


औरही गाउँपालिकाको कुल क्षेत्रफल २५५६ हेक्टर रहेको छ । जस मध्ये कृषि क्षेत्रले ८७.५२ %, आवास क्षेत्रले ४.६५ %, नदी तथा ताल तलैया क्षेत्रले ४.५६ %, क्षेत्रफल ओगटेको छ । त्यस्तै औद्योगिक क्षेत्रले ० .४१ %, व्यवसायिक क्षेत्रले ०.०८ %., र सार्वजानिक क्षेत्रले २.६६% ओगटेको छ भने धार्मिक तथा सांस्कृतिक क्षेत्रले ०.०७ हे. ओगटेको छ ।

यसै तथ्यांकबाट के देखिन्छ भने जम्मा क्षेत्रफलको झन्डै ९० प्रतिशत जति भूउपयोग कृषि क्षेत्रमा रहेको पाइन्छ । धेरै भन्दा धेरै जनसंख्या निर्वाहमुखी कृषिमा रहेको देखिन्छ । तसर्थ कृषि क्षेत्रलाई व्यावसायिककरण गर्न सकेमा आर्थिक तथा सामाजिक बिकासमा निकै नै टेवा पुग्ने देखिन्छ ।

तालिका १ : गाउँपालिकाको भू-उपयोगको वर्तमान अवस्था

| औरही गाउँपालिका | | |
|---|---|---|
| **भूउपयोग वर्गीकरण** | **जम्मा क्षेत्रफल (हे.)** | **क्षेत्रफल (%)** |
| कृषि क्षेत्र | २२३७.६९८ | ८७.५६ |
| आवास क्षेत्र | ११८.९३५ | ४.६५ |
| ब्यवसायिक क्षेत्र | २.०२५ | ०.०८ |
| औद्योगिक क्षेत्र | १०.४८३ | ०.४१ |
| नदि तथा ताल तलैया | ११६.४४४ | ४.५६ |
| सार्वजानिक क्षेत्र | ६८.०९० | २.६६ |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | १.८५१ | ०.०७ |
| **जम्मा क्षेत्रफल (हे.)** | **२५५५.५२७** | **१००** |

यहाँ यस पालिकाको वर्तमान भू-उपयोग अवस्थालाई वृत्तचित्रमा देखाइएको छ ।





*वृत्तचित्र १ : गाउँपालिकाको भू-उपयोगको वर्तमान अवस्था*

तालिका २ : वडाको तुलानात्मक भू-उपयोगको वर्तमान अवस्था

| भूउपयोग वर्गिकरण | वडा नं - १ | वडा नं - २ | वडा नं - ३ | वडा नं - ४ | वडा नं - ५ | वडा नं - ६ |
|---|---|---|---|---|---|---|
| कृषि क्षेत्र | ५३३.७५ | ३९६.८४ | ५८७.१३ | ९३.७ | ३०७.४९ | ३०८.४६ |
| आवास क्षेत्र | २८.१ | २७.६७ | १९.१५ | १२. | १५.३७ | १६.६८ |
| व्यवसायिक क्षेत्र | १.१५ | ०.२७ | ० | ०.२ | १०.५६ | ०.२१ |
| औद्योगिक क्षेत्र | ० | ७.०८ | ३.४१ | ० | ० | ० |
| नदि तथा ताल तलैया | २९.२९ | २०.३७ | २१.३४ | ५.७ | १२.१७ | २७.५५ |
| सार्वजानिक क्षेत्र | १६.२८ | १६.२७ | १३.४६ | ४.९ | ८.२ | ९.०२ |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.५६ | ०.४६ | ०.३ | ०.२ | ०.१८ | ०.१८ |
| **जम्मा क्षेत्रफल (हे.)** | **६०९.१३** | **४६८.९६** | **६४४.७९** | **११६.५८** | **३५३.९७** | **३६२.१** |

माथिको तालिकामा औरही गाउपालिकाको वडागत रुपमा विभिन्न भूउपयोग क्षेत्रले चर्चेको क्षेत्रफल दर्शाइएको छ। तथ्यांकहरु बिश्लेषण गर्दा सबै भन्दा धेरै कृषि क्षेत्रले चर्चेको क्षेत्रफल वडा न ३ मा रहेको छ भने सबै भन्दा कम वडा न ४ मा रहेको। त्यस्तै आवास क्षेत्र वडा न १ मा बढी देखिन्छ भने व्यवसायिक क्षेत्र वडा न ५ मा बढी देखिन्छ । यस पालिकामा खासै उधोग तथा कलकारखाना नभएतापनि वडा न २ र वडा न ३ मा फुटकर रुपामा केहि साना उधोगहरु रहेका छन। बर्तमान भूउपयोगको बिस्तृत विवरण वडा गत रुपमा तल वर्णन गरिएको छ।




| औरही गाउँपालिका | | |
|---|---|---|
| भूउपयोग वर्गिकरण | जम्मा क्षेत्रफल (हे.) | क्षेत्रफल (%) |
| कृषि क्षेत्र | २२३७.६९८ | ८७.५६ |
| आवास क्षेत्र | ११८.९३५ | ४.६५ |
| ब्यवसायिक क्षेत्र | २.०२५ | ०.०८ |
| औद्योगिक क्षेत्र | १०.४८३ | ०.४१ |
| नदि तथा ताल तलैया | ११६.४४४ | ४.५६ |
| सार्वजानिक क्षेत्र | ६८.०९० | २.६६ |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | १.८५१ | ०.०७ |
| **जम्मा क्षेत्रफल (हे.)** | **२५५५.५२७** | **१००** |

*नक्शा ३ : गाउँपालिकाको भू-उपयोगको वर्तमान अवस्था*

यस नक्शामा औरही गाउपालिकाको वर्तमान भूउपयोग क्षेत्रलाइ फरक फरक रंगहरु प्रयोग गरि देखाइएको छ । भूउपयोग नियमावलीले तोकेको १० क्षेत्र मध्य यस गाउँपालिकामा वर्तमानमा भूउपयोग भैरहेको ७ वटा क्षेत्रहरु मात्र रहेका छन । माथिको नक्शामा सबैभन्दा वढी पहेलो रंग देख्न सकिन्छ: जसले कृषि क्षेत्र प्रतिनिधित्व गर्दछ। तस्तै बीच बीचमा देखिएको रातो रंगले आवास क्षेत्रलाइ दर्शाउछ । यस नक्शामा भएको निलो रंगले खोलानाला तालतलैया सिमसार क्षेत्रलाइ जनाउछ। बैजनी रंगले सार्वजनिक क्षेत्र जस्तैः सडक, सरकारी भवन, विधालय, खुल्ला चौर आदि लाई देखाइएकोछ।

बर्तमान भूउपयोगको बिस्तृत विवरण वडा गत रुपमा तल वर्णन गरिएअको छ।


### ४.२.१ वडा नं. १ को भू-उपयोगको वर्तमान अवस्था

भूउपयोग वर्गीकरणको आधारमा अध्ययन तथा अवलोकन अनुसार औरही गाउँपालिका वडा नं. १ को जम्मा क्षेत्रफल ६०९.१२५ हे. रहेको छ । जसमध्ये कृषियोग्य भू-भाग ८७.६३ %, वन तथा वनस्पतिको क्षेत्र ०.० %, सार्वजनिक क्षेत्र २.६७ %, आवास क्षेत्र ४.६१ %, नदी तथा ताल तलैया ४.८१ %, रहेको छ भनेखानी र खनिजहरुमा ०.० %, व्यावसायिक क्षेत्रमा ०.१९ % र औद्योगिक क्षेत्रमा ०.० % क्षेत्रफलमा फैलिएको छ ।


तालिका ३ : वडा नं.१ को भू-उपयोगको वर्तमान अवस्था

| वडा नं — १ | | |
|---|---|---|
| **भूउपयोग वर्गिकरण** | **जम्मा क्षेत्रफल (हे.)** | **क्षेत्रफल (%)** |
| कृषि क्षेत्र | ५३३.७४८ | ८७.६३ |
| आवास क्षेत्र | २८.०९७ | ४.६१ |
| ब्यवसायिक क्षेत्र | १.१५० | ०.१९ |
| नदि तथा ताल तलैया | २९.२९३ | ४.८१ |
| सार्वजानिक क्षेत्र | १६.२७६ | २.६७ |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.५६१ | ०.०९ |
| **जम्मा क्षेत्रफल (हे.)** | **६०९.१२५** | **१००** |

यस तालिकामा भएअको वडा न १ को बर्तमान भूउपयोग अवस्थालाई तल वृत्तचित्र विभिन्न रंगहरु प्रयोग गरेर देखाइएको छ साथै तल राखिएको नक्शा बाट पनि कुन कुन क्षेत्रमा बर्तमान भूउपयोग के रहेछ भनि बुझ्न सकिन्छ ।




: वडा १ भु-उपयोगको वर्तमान अवस्था



| वडा नं - १ | | |
|---|---|---|
| भूउपयोग वर्गिकरण | जम्मा क्षेत्रफल (हे.) | क्षेत्रफल (%) |
| कृषि क्षेत्र | ५३३.७४८ | ८७.६३ |
| आवास क्षेत्र | २८.०९७ | ४.६१ |
| ब्यवसायिक क्षेत्र | १.१५० | ०.१९ |
| नदि तथा ताल तलैया | २९.२९३ | ४.८१ |
| सार्वजानिक क्षेत्र | १६.२७६ | २.६७ |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.५६१ | ०.०९ |
| जम्मा क्षेत्रफल (हे.) | ६०९.१२५ | १०० |




नक्शा ४ : वडा नं. १ को भू-उपयोगको वर्तमान अवस्था

### ४.२.२ वडा नं. २ को भू-उपयोगको वर्तमान अवस्था


औरही गाउँपालिका वडा नं. २ को जम्मा क्षेत्रफल ४६८.९६१ हे. रहेको छ। जसमध्ये कृषियोग्य भू-भाग ८४.६२ %, सार्वजनिक क्षेत्र ३.४७ %, औद्योगिक क्षेत्रमा १.५१ %, नदी तथा ताल तलैया ४.३४ %, आवास क्षेत्र ५.९० % रहेको छ भने , खानी र खनिजहरुमा ०.० %, व्यावसायिक क्षेत्रमा ०.०६ % र वन तथा वनस्पतिको क्षेत्र ०.० % क्षेत्रफलमा फैलिएको छ।

तालिका ४ : वडा नं. २ को भू-उपयोगको वर्तमान अवस्था

| वडा नं २ | | |
|---|---|---|
| **भूउपयोग वर्गिकरण** | **जम्मा क्षेत्रफल (हे.)** | **क्षेत्रफल (%)** |
| कृषि क्षेत्र | ३९६.८४१ | ८४.६२ |
| आवास क्षेत्र | २७.६७१ | ५.९० |
| ब्यवसायिक क्षेत्र | ०.२७४ | ०.०६ |
| औद्योगिक क्षेत्र | ७.०७६ | १.५१ |
| नदि तथा ताल तलैया | २०.३७१ | ४.३४ |
| सार्वजानिक क्षेत्र | १६.२६६ | ३.४७ |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.४६३ | ०.१० |
| **जम्मा क्षेत्रफल (हे.)** | **४६८.९६१** | **१००** |




*: वडा २ भू-उपयोगको वर्तमान अवस्था*




| वडा नं - २ | | |
|---|---|---|
| भूउपयोग वर्गिकरण | जम्मा क्षेत्रफल (हे.) | क्षेत्रफल (%) |
| कृषि क्षेत्र | ३९६.८४१ | ८४.६२ |
| आवास क्षेत्र | २७.६७१ | ५.९० |
| ब्यवसायिक क्षेत्र | ०.२७४ | ०.०६ |
| औद्योगिक क्षेत्र | ७.०७६ | १.५१ |
| नदि तथा ताल तलैया | २०.३७१ | ४.३४ |
| सार्वजानिक क्षेत्र | १६.२६६ | ३.४७ |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.४६३ | ०.१० |
| जम्मा क्षेत्रफल (हे.) | ४६८.९६१ | १०० |


*नक्शा ५ : वडा नं. २ को भू-उपयोगको वर्तमान अवस्था*

### ४.२.३ वडा नं. ३ को भू-उपयोगको वर्तमान अवस्था


औरही गाउँपालिका वडा नं. ३ को जम्मा क्षेत्रफल ६४४.७८८ हे. रहेको छ। जसमध्ये कृषियोग्य भू-भाग ९१.०६ %, आवास क्षेत्र २.९६ %, सार्वजनिक क्षेत्र २.०९ %, नदी तथा ताल तलैया ३.३१ %, औद्योगिक क्षेत्रमा ०.५३ %, व्यावसायिक क्षेत्रमा ०.००१ % रहेको छ भने खानी र खनिजहरुमा ०.० % र वन तथा वनस्पतिको क्षेत्र क्षेत्रफल ०.० % फैलिएको छ।

तालिका ५ : वडा नं. ३ को भू-उपयोगको वर्तमान अवस्था

| वडा नं ३ | | |
|---|---|---|
| **भूउपयोग वर्गिकरण** | **जम्मा क्षेत्रफल (हे.)** | **क्षेत्रफल (%)** |
| कृषि क्षेत्र | ५८७.१२९ | ९१.०६ |
| आवास क्षेत्र | १९.१५० | २.९७ |
| ब्यवसायिक क्षेत्र | ०.००४ | ०.००१ |
| औद्योगिक क्षेत्र | ३.४०८ | ०.५३ |
| नदि तथा ताल तलैया | २१.३३५ | ३.३१ |
| सार्वजानिक क्षेत्र | १३.४५८ | २.०९ |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.३०४ | ०.०५ |
| **जम्मा क्षेत्रफल (हे.)** | ६४४.७८८ | १०० |




*वृत्तचित्र ४ : वडा ३ भू-उपयोगको वर्तमान अवस्था*




| वडा नं - ३ | | |
|---|---|---|
| **भूउपयोग वर्गिकरण** | **जम्मा क्षेत्रफल (हे.)** | **क्षेत्रफल (%)** |
| कृषि क्षेत्र | ५८७.१२९ | ९१.०६ |
| आवास क्षेत्र | १९.१५० | २.९७ |
| ब्यवसायिक क्षेत्र | ०.००४ | ०.००१ |
| औद्योगिक क्षेत्र | ३.४०८ | ०.५३ |
| नदि तथा ताल तलैया | २१.३३५ | ३.३१ |
| सार्वजानिक क्षेत्र | १३.४५८ | २.०९ |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.३०४ | ०.०५ |
| **जम्मा क्षेत्रफल (हे.)** | **६४४.७८८** | **१००** |


*नक्शा ६ : वडा नं. ३ को भू-उपयोगको वर्तमान अवस्था*

### ४.२.४ वडा नं. ४ को भू-उपयोगको वर्तमान अवस्था


औरही गाउँपालिका वडा नं. ४ को जम्मा क्षेत्रफल ११६.५८१ हे. रहेको छ। जसमध्ये कृषियोग्य भूभाग ८०.३४ %, आवास क्षेत्र १०.२६ %, ब्यवसायिक क्षेत्र ०.१५% र नदी तथा ताल तलैया ४.९३ %, सार्वजनिक क्षेत्र ४.१८ %, धार्मिक तथा सांस्कृतिक क्षेत्र ०.१४% भूभाग रहेको छ भने औद्योगिक क्षेत्र, वन तथा वनस्पतिको क्षेत्र र खानी र खनिज क्षेत्र यस गाउपालिकामा नभएको अवस्थो छ।

तालिका ६: वडा नं ४ को भू-उपयोगको वर्तमान अवस्था

| वडा नं- ४ | | |
|---|---|---|
| **भूउपयोग वर्गिकरण** | **जम्मा क्षेत्रफल (हे.)** | **क्षेत्रफल (%)** |
| कृषि क्षेत्र | ९३.६५६ | ८०.३४ |
| आवास क्षेत्र | ११.९६३ | १०.२६ |
| ब्यवसायिक क्षेत्र | ०.१८० | ०.१५ |
| नदि तथा ताल तलैया | ५.७४८ | ४.९३ |
| सार्वजानिक क्षेत्र | ४.८६८ | ४.१८ |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.१६६ | ०.१४ |
| **जम्मा क्षेत्रफल (हे.)** | **११६.५८१** | **१००** |




*वृत्तचित्र ५ : वडा ४ भू-उपयोगको वर्तमान अवस्था*




| वडा नं- ४ | | |
|---|---|---|
| भूउपयोग वर्गिकरण | जम्मा क्षेत्रफल (हे.) | क्षेत्रफल (%) |
| कृषि क्षेत्र | ९३.६५६ | ८०.३४ |
| आवास क्षेत्र | ११.९६३ | १०.२६ |
| ब्यवसायिक क्षेत्र | ०.१८० | ०.१५ |
| नदि तथा ताल तलैया | ५.७४८ | ४.९३ |
| सार्वजानिक क्षेत्र | ४.८६८ | ४.१८ |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.१६६ | ०.१४ |
| **जम्मा क्षेत्रफल (हे.)** | **११६.५८१** | **१००** |


*नक्शा ७ : वडा नं. ४ को भू-उपयोगको वर्तमान अवस्था*

### ४.२.५ वडा नं. ५ को भू-उपयोगको वर्तमान अवस्था


औरही गाउँपालिका वडा नं. ५ को जम्मा क्षेत्रफल ३५३.९६७हे. रहेको छ। जसमध्ये कृषियोग्य भू-भाग ८९.८० %, सार्वजनिक क्षेत्रमा २.३२ %, आवास क्षेत्र ४.३४ %, व्यावसायिक क्षेत्रमा ०.०६ %, नदी तथा ताल तलैया ३.४३ %, रहेको छ भने औद्योगिक क्षेत्र, वन तथा वनस्पतिको क्षेत्र र खानी र खनिज क्षेत्र यस गाउपालिकामा नभएको अवस्थो छ।

तालिका ७: वडा नं ५ को भू-उपयोगको वर्तमान अवस्था

| वडा नं ५ | | |
|---|---|---|
| **भूउपयोग वर्गिकरण** | **जम्मा क्षेत्रफल (हे.)** | **क्षेत्रफल (%)** |
| कृषि क्षेत्र | ३१७.८६० | ८९.८० |
| आवास क्षेत्र | १५.३७२ | ४.३४ |
| ब्यवसायिक क्षेत्र | ०.२०७ | ०.०६ |
| नदि तथा ताल तलैया | १२.१४७ | ३.४३ |
| सार्वजानिक क्षेत्र | ८.२०० | २.३२ |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.१८० | ०.०५ |
| **जम्मा क्षेत्रफल (हे.)** | **३५३.९६७** | **१००** |




*वृत्तचित्र ६: वडा ५ भू-उपयोगको वर्तमान अवस्था*




| वडा नं - ५ | | |
|---|---|---|
| **भूउपयोग वर्गिकरण** | **जम्मा क्षेत्रफल (हे.)** | **क्षेत्रफल (%)** |
| कृषि क्षेत्र | ३१७.८६० | ८९.८० |
| आवास क्षेत्र | १५.३७२ | ४.३४ |
| ब्यवसायिक क्षेत्र | ०.२०७ | ०.०६ |
| नदि तथा ताल तलैया | १२.१४७ | ३.४३ |
| सार्वजानिक क्षेत्र | ८.२०० | २.३२ |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.१८० | ०.०५ |
